# कविता

*-श्याम रिमाल*

*एक्काइसौं शताब्दीको भोक*

मान्छे व्यस्त रहनेछ
भोक पनि मर्नेछ उसको
र तिर्खाहरु पनि -एक्काइसौं शताब्दीमा ।

त्यतिबेला मान्छेले खाने होला ?
सूचनाहरुको राश
वा पुराना पुस्तकका पन्नाहरु ?

लडाइँका भोका मान्छे
कतिखेर लगाउन भ्याउलान् र  खेतमा बाली
बरु तल्लीन रहनेछन् भोक मार्ने औषधि बनाउन ।

भोक त मर्नेछ नै
भोक-भोक लडेर
तर मान्छे
फेरि केको लागि बाँच्न खोज्नेछ
अर्को नयाँ शताब्दीमा ?